राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily




रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २२९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र १४ गते शनिबार ❑ 30 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## जलवायु परिवर्तनबाट नेपालजस्ता विकासोन्मुख मुलुक बढी प्रभावित: प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भाद्र

गण्डकीका प्रदेश प्रमुख डिल्लीराज भट्टले जलवायु परिवर्तनबाट नेपालजस्ता विकासोन्मुख मुलुक बढी प्रभावित भएको बताउनुभएको छ । मौसम तथा जलवायु परिवर्तन र विश्व उष्णीकरणको मारमा दक्षिण एशियाली राष्ट्र परेको उहाँको भनाई छ ।

कानुनी युवा मञ्च (फ्लाई) ले आयोजना गरेको 'दक्षिण एशियाली जलवायु न्याय फेलोशिप तथा क्याम्प २०२५' मा बोल्दै उहाँले जलवायु परिवर्तनका असरहरुबारे विभिन्न कार्यक्रम गरेर विश्व समुदायलाई सचेत गराएपनि सोचेअनुसारको प्रगति गर्न नसकिरहेको उल्लेख गर्नुभयो । ' जलवायु परिवर्तनको मूल कारक नेपाल जस्ता विकासोन्मुख मुलुक होइनन् तर खासगरी जलवायु परिवर्तनको प्रभाव बढी पर्ने हाम्रोजस्तै विकासोन्मुख मुलुकमा हो ।' उहाँले भन्नुभयो - 'हाम्रा हिमालहरुमाथि सोझो चोट परेको छ । हिमताल




जोखिममा छन् । वर्षा अनियमित मात्रामा भइदिनाले पहाडमा बाढी पहिरोबाट ठूलो मात्रामा जनधनको क्षति व्यहोर्नुपरेको छ। तराई डुब्दा खाद्य सङ्कट उत्पन्न भइरहेको छ ।' अब ढिला नगरी जलवायु परिवर्तनबाट प्रमुख मार खेप्नुपरेका विकासोन्मुख मुलुकहरुले न्यूनीकरणका लागि पहल कदमीहरु चाल्नु जरुरी भइसकेको उहाँको भनाई छ । वातावरणीय प्रभाव मूल्यांकनको सीमामा रहेर दीगो विकासको अवधारणा अवलम्वन गर्न आवश्यक रहेको उहाँको भनाई छ । 'हामी विकास र समृद्धिको युगमा छौं । औद्योगिक विकासका कारण हरितगृह ग्या'स उत्सर्जन बढ्न गई पृथ्वीको औषत तापक्रम वृद्धि भएर वातावरणीय अवस्थामा असन्तुलन परिवर्तन आएको छ ।' उहाँले थप्नुभयो - 'सन् २०३० सम्म नेपालको तापक्रम १.७ डिग्री सेल्सियले बढ्ने अनुमान गरिएको छ । हामीले समयमै सजगता नअपनाउने हो भने ठूलो वातावरणीय समस्या निम्तिन सक्छ ।' यो क्याम्प नेपालका लागि मात्र नभई दक्षिण एशियामा नै जलवायु परिवर्तनका कारण र असर र समाधानका लागि फलदायी बन्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । जलवायु न्यायको अवधारणा अन्वेषण, क्षेत्रीय असमानता र संवेदनशीलता, सीमा-पार जलवायु प्रभाव र साझा चुनौती, न्याय प्रवर्द्धनमा युवाको भूमिका, न्यायपूर्ण जलवायु रुपान्तरण र वित्तीय पारदर्शिता लगायतका विषय निकै महत्वपूर्ण रहेको उहाँको भनाई छ । कार्यक्रममा दक्षिण एशियाका ७ राष्ट्रका ४५ जना युवाहरुलाई जलवायु न्यायको पक्षमा सशक्त बनाउन विशेष छलफल र गतिविधिहरू सञ्चालन हुने भएकाले युवाहरुलाई उप्रेरित गर्न आफू उपस्थित भएको प्रदेश प्रमुख भट्टको भनाई छ । यस्ता क्याम्पहरु छलफल गर्ने मञ्च मात्र होइन, नीति निर्माण गर्ने र यसलाई आकार दिने अवसर पनि रहेको उहाँले बताउनुभयो ।

यो क्याम्पमा दक्षिण एसियाका युवाहरुबीच जलवायु न्यायका लागि सीमा-पार युवा एकता, आदिवासी तथा उपेक्षित आवाजलाई जलवायु शासनमा समावेश गर्ने गरी राष्ट्रिय नीति संवादमा एकीकृत गर्ने, जलवायु सम्बन्धी समसामयिक चुनौती र दक्षिण एसियाली विकल्पहरुमा युवाको ज्ञान बलियो लिने लक्ष्य लिइएको आयोजक संस्थाका चेतन जेठाराले जानकारी दिनुभयो ।

## राष्ट्रिय एकताका लागि दलहरूबीच सहकार्य आवश्यक छ : महासचिव गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भाद्र

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले अस्थिरता र अराजकता सृजना गर्ने प्रयासका विरुद्ध दलहरू एकताबद्ध हुनुपर्ने बताउनुभएको छ ।


नेकपा (माओवादी केन्द्र) पोखरा महानगरपालिका-१७ ले शुक्रबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले विभिन्न शक्तिहरूले देशमा द्वन्द्व सृजना गरेर सङ्कट निम्त्याउने प्रयास गरेकाले राष्ट्रिय एकता बलियो बनाउनुपर्नेमा जोड दिनुभयो ।

"अहिलेको व्यवस्थालाई कमजोर बनाउने प्रयास भएको छ । दलहरूबीचको मजबुत एकताबाट मात्र राष्ट्रिय स्वाधिनता र एकताका लागि बल पुग्दछ । वर्तमान व्यवस्थाको विकल्प छैन", महासचिव गुरुङले भन्नुभयो ।

नेता गुरुङले देश स्वाधिन बन्नका लागि भ्रष्टाचारको अन्त्य हुनैपर्नेमा जोड दिनुभयो । माओवादीको नेतृत्वमा बनेको अघिल्लो सरकारले सुशासनका लागि काम गरेकाले जनतामा समेत उत्साह छाएको उहाँको भनाइ थियो । महासचिव गुरुङले देश विकासमा माओवादी केन्द्रको विकल्प नभएको बताउनुभयो । उहाँले भन्नुभयो, "केही सीमा र कमजोरी भए पनि माओवादीको विकल्प अन्य दल हुन सक्दैनन् । अहिले आकारमा सानो भए पनि व्यवस्थाको रक्षा माओवादीले मात्र गर्न सक्छ ।" नेता गुरुङले विभिन्न चाडपर्वहरूले देशमा राष्ट्रिय एकता बलियो बनाउने र नेपाली समाजको एकताको आधार बनेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा संविधानसभा सदस्य एवं सो पार्टीका केन्द्रीय सदस्य तेजकुमारी पौडेल, दुर्गा विक, गङ्गा पोखरेल, अखिल नेपाल महिला सङ्घ कास्कीका अध्यक्ष सृजना त्रिपाठीलगायतले देश र जनताको पक्षमा निरन्तर खबरदारी गर्नुपर्नेमा जोड दिनुभएको थियो ।




## गण्डकी प्रदेशका जिल्ला समन्वय समिति प्रमुखहरूको विशेष बैठक

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भाद्र

गण्डकी प्रदेशका ११ जिल्लाका जिल्ला समन्वय समिति प्रमुखहरूले गण्डकी प्रदेश सरकार संघियताको भावना अनुसार चल्न नसक्नु दुखद् भएको निष्कर्ष निकालेका छन् ।

शुक्रबार पोखरामा सम्पन्न गण्डकी प्रदेशका जिल्ला समन्वय समिति प्रमुखहरूको बिशेष बैठकमा उनीहरूले यस्तो निष्कर्ष निकालेका हुन् । उनीहरूले देशको संविधानको मर्म अनुसार समन्वय र अनुगमनलाइ घनिभूत बनाउदै क्रीयाशिल जि.स.स. हरूलाइ थप प्रभाबकारी समन्वयकारी निकाय बनाउन संस्थापनकालदेखि हालसम्म पटक- पटक विभिन्न समयमा गठन भएका प्रदेश सरकारहरूलाई आठ आठ बर्ष सम्म बारम्बार आग्रह गर्दा पनि निरन्तर बेवास्ता र हेलचक्र्याई गरेको भन्दै तिब्र असन्तुस्टी ब्यक्त गरेका छन्।



बैठकमा समन्वय समिति महासंघका केन्द्रिय सदस्य एवम् जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमर बहादुर थापाले हामीले मागेको अनुगमन र समन्वयका लागि प्रभाबाकारी कानुन हो, त्यो बनाउन उदासिनता देखाउने प्रदेश सरकारको रवैयाले संघियता माथि नै थप अविश्वास बृद्दि हुदै गएको छ उनले भने । जिल्ला समन्वय समिति सबै तहका सरकारहरूको सहजकर्ता भएको र सरकारकोतर्फ बाट हुन सक्ने सम्भावित त्रुटी निराकरणमा समेत सहयात्री हुदै गरेको, जि.स. स. हरूको आबश्यकता र औचित्य झन् बढ्दै गैरहेको अबस्थामा आफुले बनाउनु पर्ने कानुनी ब्यबस्थामा अनुदार देखिनु दुखद हो थापाले उल्लेख गर्नुभयो । जिल्ला समन्वय समिति महासंघ गण्डकीका अध्यक्ष समेत रहनुभएका जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले जिल्ला समन्वय समिति बर्तमान संविधानको मर्म अनुसार क्रीयाशिल रहेको भन्दै थप सबलीकरणमा प्रदेश सरकार उदासिन देखिएको भन्दै प्रदेश सरकारले आबश्यक कानुनी ब्यबस्थाका लागि चासो नदेखाउनु चिन्ताको बिषयभएको उल्लेखगर्नुभयो ।

प्राप्त कानुनी र संबैधानिक ब्यबस्था अनुसार उच्च प्रतिफल प्राप्त हुने गरेर काममा निरन्तर लागि रहेको बताउनु भयो । पौडेलले गण्डकी प्रदेश सरकार जिससलाई कानुनी ब्यबस्था गर्न लाग्नु पर्ने ठाउँमा उल्टो संविधान बिपरित निरन्तर बेवास्ता गर्नु शुभ लक्षण नभएको उल्लेख गर्नुभयो। जिल्ला समन्वय समिति स्याङ्जाका प्रमुख प्रसाद जी.टी.ले प्रदेश सरकारले बिना अध्ययन नीति बनाउनु र बिना विश्लेषण खारेजी गर्नु सरकारको अपरिपक्व काम मात्रै होइन जि.स.स. प्रतिको अनुदार र असहिष्णु व्यवहार भएको उल्लेख गर्नुभयो। जि.टी. ले संघियता पछी पटक पटक बनेका गण्डकी प्रदेश सरकारलाइ धैर्यतापूर्बक बिभिन्न चरणमा कानुन निर्माण सहितका बिषयमा ध्यानाकर्षण गराउदा समेत निरन्तर बेवास्ता भएकोले अब आफूहरूको धैर्यताको बाँध टुट्न लागेको भन्दै आबश्यक कानुनि र संबैधानिक लडाइमा जानुको विकल्प नभएको उल्लेख गर्नुभयो। जिल्ला समन्वय समिति लमजुङका प्रमुख पूर्ण बहादुर गुरुङले प्रदेश सरकार आफुले गर्नुपर्ने काम नगर्ने आफुले दिनु पर्ने अधिकार नदिने तर अरूमाथि अनि जिल्ला समन्वय माथि निरन्तर आक्रमणमा उत्रनु अकर्मन्यताको पराकाष्ठा भन्दै प्रादेशिक जिल्ला अस्पतालको ब्यबस्थापन समितिको अध्यक्षबाट जिल्ला समन्वय समिति प्रमुखलाई बिना समन्वय राख्नु अनि फेरी गठन आदेश भन्दै हठात् अर्को ब्यबस्था गरेर हटाउनु अपमानको अर्को उदारहण हो गुरुङले उल्लेख गर्नुभयो ।

जिल्ला समन्वय समिति म्याग्दीका उप- प्रमुख दिल कुमारी खत्रीले आफूहरूले मागेको अनुगमन र समन्वयका लागी कानुनी ब्यबस्था हो त्यो दिनको लागि चासो नदेखाउने तर संघ सरकारमाथि निरन्तर अधिकार नदिएको गुनासो गर्ने प्रदेश सरकारको रवैया ठिक नभएको उल्लेख गर्नुभयो । हिजो अस्पतालको अध्यक्षबाट बिना सुचना हटाउने एउटा अपमानको चरम उदारहण भएको भन्दै खत्रीले बिकास निर्माणलाइ प्रभाबकारी बनाउन जि.स.स.लाइ सबलीकरण गर्दा प्रदेश सरकारलाइ संघियताको मर्म अनुरुप चल्न थप टेवा पुग्ने उल्लेख गर्नुभयो। नेपालको सन्दर्भमा संघियताप्रति आशा र भरोसा जगाउने काम सहित सफल बनाउन लाग्नु पर्ने ठाउँमा बर्तमान् गण्डकी सरकारका गतिबिधि थप निरासा बाढ्न उद्दत भएको खत्रीले उल्लेख गर्नुभयो । आर्थिक बर्ष २०८० -८१को गण्डकी सरकारको नीति तथा कार्यक्रममा जि.स.स को लागि आबश्यक कानुनि ब्यबस्था गरिनेछ भनेर उल्लेख गरिए पनि कार्यान्वन गर्न प्रदेश सरकारले चासो नदेखाएको , गत आर्थिक बर्षमा समेत प्रत्येक जिल्ला समन्वय समितिलाई रू १० लाख बजेट छुट्याएर अनाबश्यक कानुनी त्रुटी देखाउने काम गरेर सो रकम समेत उपलब्ध नगराएको भन्दै प्रमुखहरूले गण्डकी सरकारको नियतमै खोट औंल्याएका छन्। आयोजना बैक मार्फत योजना कार्यान्वयन गर्ने असफल नीति लिएर त्यसको कार्यान्वन नगरी खुद्रे योजनाका खुद्रा रकम बाड्ने तर संबैधानिक निकाय जि.स.स.हरूलाई प्रबाह नगर्ने प्रदेश सरकारको गतिबिधी भत्सर्ना योग्य भएको उनिहरूको ठम्याई छ। प्रमुखहरूको बैठकले आगामी दिनहरूमा नीति ,कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने बिषयमा स्थानीय तहहरू संग घनिभूत समन्वय गर्ने निर्णय समेतगरेकोछ ।

# पोखरा–५ को सार्वजनिक सुनुवाइ सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भाद्र



पोखरा महानगरपालिका वडा नं ५ ले सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ।

स्थानीय सरकार र नागरिकहरूका बिचमा दोहोरो संवाद स्थापित गर्दै विकास प्रक्रियामा नागरिकहरूको रचनात्मक प्रतिनिधित्व सहित सुशासन, पारदर्शिता र जबाफदेहिता गर्ने उद्देश्य अनुरूप शुक्रवार सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरिएको हो। कार्यक्रममा वडाध्यक्ष विष्णुप्रसाद बरालले दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पार्ने महत्त्वपूर्ण योजनाहरूलाई अगाडि बढाइरहेको बताए। उनले पोखरा महानगरपालिकामा वडा नं ५ खेलकुदमा परिचित वडा भएको बताउँदै खेल पूर्वाधारलाई अगाडि बढाउने लक्ष्य अनुरूप यस आर्थिक वर्षमा मालेपाटन खेलमैदानमा बनिरहेको मिनी कभर्ड हल सम्पन्न गर्नका लागि पहिलो प्राथमिकता दिएर बजेट व्यवस्थापन गरिएको बताए। सहरी स्वास्थ्य केन्द्रलाई अझ व्यवस्थित र सु-सम्पन्न बनाउँदै थप उपचार तथा ल्याब सेवा राख्दै धेरै भन्दा धेरै नागरिकलाई सेवा दिनको लागि तयारी गरिएको उनले जानकारी दिए। बरालले निर्माणाधिन अवस्थामा रहेका दुई वटा पुललाई यो वर्ष सम्पन्न गर्ने उद्देश्य अनुरूप महानगरबाट टेन्डर आह्वान गरी बजेट व्यवस्थापन गरिएको बताए। बस्ती विकास र राजमार्ग चौडा बनेसँगै वडा नं ५ मा दुर्घटनाको चुनौती थपिएको भन्दै दुर्घटना न्यूनीकरणका लागि वडाले विशेष प्राथमिकताका साथ कार्यक्रमहरू ल्याइने बताए। वडाको कार्य प्रगतिका बारेमा वृत्त चित्र समेत प्रस्तुत गरिएको कार्यक्रममा उपस्थित वडावासीले सेवा प्रवाह, विकास निर्माण, साङ्गठनिक सुशासन, पारदर्शिता तथा जबाफदेहिता, ढल, नाला तथा पानीको निकास, सरसफाइ, सार्वजनिक सम्पत्तिको संरक्षण तथा सदुपयोग, नागरिकको स्वास्थ्य, सुरक्षा र शिक्षा लगायत समुन्नत वडा निर्माणका आधारहरूका विषयमा गुनासा तथा सुझावहरू राखेका थिए।

१९ जना नागरिकबाट प्रस्तुत जिज्ञासालाई स्पष्ट पार्दै वडाध्यक्ष बरालले आफूहरू पारदर्शिताको सवालमा सधैँ सचेत रहेको भन्दै कार्यालय समयमा जति बेलै नागरिकले आएर हिसाब हेर्न सक्ने बताए। उनले समग्रमा वडा नं ५ लाई हरियाली वडा, चौतारी नै चौतारी भएको वडा र व्यवस्थित मानव विकास भएको समृद्ध वडा निर्माणमा लागिपरेको भन्दै यसका लागि वडावासीलाई सहयोग गर्न आग्रह गरे। आफ्नो टोलमा सरसफाइ गर्न स्वयम टोलवासीको पनि जिम्मेवारी रहने भन्दै चौपाया, कुकुर जस्ता जनावरहरू जथाभाबी सडकमा नछोड्न तथा घरभित्रको फोहोर पानी नाला तथा सडकमा नफाली घरभित्रै व्यवस्थित गर्न वडा अध्यक्ष बरालले आग्रह गरे। सार्वजनिक सुनुवाइ कार्यक्रममा वडा सचिव लक्ष्मण शर्माले वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए। वाराही सञ्चार प्रालिको सहजीकरणमा सम्पन्न भएको सार्वजनिक सुनुवाइ कार्यक्रमको सञ्चालन पत्रकार उमा आले र माधव पराजुलीले गरेका थिए।

# १८ औं पुस्तकालय दिवसको अवसरमा दीपशिखामा विविध कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भाद्र



"हाम्रो पुस्तकालय : हाम्रो भविष्य" भन्ने आदर्श वाक्यका साथ पोखरा महानगरपालिका वडा नं २९ मा रहेको दीपशिखा सामुदायिक पुस्तकालयले १८ औं पुस्तकालय दिवसको अवसर पारेर शुक्रवार चित्रकला प्रतियोगिता सम्पन्न गरेको छ।

पुस्तकालयले वर्षभर आउने गरेका बाल पाठकहरु सहभागी गराई गरेको प्रतियोगितात्मक चित्रकलामा १८ प्रतिस्पर्धीलाई पछि पार्दै अभिमन्यु पौडेल प्रथम पुरस्कार जित्न सफल भए। उज्वल सुनार द्धितीय ,सञ्जोग गुरुङ्ग तृतीय तथा अनिष्मा पौडेल र अर्पण सुनारले सान्त्वना पुरस्कार प्राप्त गरे। विविध कार्यक्रमका मनाउन लागिएको यस वर्षको पुस्तकालय दिवसको अवसर पारेर शनिवार विहान प्रभातफेरी,दिउँसो विद्यालय स्तरीय प्रतियोगितात्मक "भानुभक्तकृत रामायणका श्लोकको लयात्मकवाचन" कार्यक्रम हने भएका छ। यसै गरी १५ गते पुस्तकालय दिवसका दिन साँझ दीपावली गरी कार्यक्रम सम्पन्न गरिने पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीले जानकारी दिए। कोषाध्यक्ष माधव भण्डारी, कार्यक्रम संयोजक विष्णुहरि पौडेल, कार्यसमिति सदस्य मीनकुमारी डल्लाकोटी,कार्यालय प्रमुख धनु पहारीले पुरस्कार वितरण गरेका थिए।

# पुम्दी–भुम्दी दोस्रो पर्वतीय दौड प्रतियोगितालाई सफल पार्न नमस्ते हस्पिटलको साथ

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भाद्र

पुम्दी-भुम्दी पर्वतीय दौड नारालाई आत्मसात गर्दै विश्व पर्यटन दिवसको सन्दर्भमा आउँदो असोज ४ गते शनिवार आयोजना हुने दोस्रो संस्करणको खुला पर्वतीय दौड प्रतियोगितालाई सफल पार्न पोखराको नमस्ते हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.ले साथ दिने भएको छ।

पर्यटनको राजधानी पोखराको आर्थिक समृद्धिका लागि खेल पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले आयोजना हुने उक्त कार्यक्कमलाई सफल पार्न नमस्ते हस्पिटलले हस्पिटल पाट्र्नरको रुपमा सहयोग गर्ने गरी आज सम्झौता भएको छ। हस्पिटलका मेट्रोन एलिना सिंह र प्रतियोगिता संयोजक दीननाथ बराल बिच आज सम्झौता भएको हो। हस्पिटलले असोज ४ गते हुने प्रतियोगितालाई सफल पार्न हस्पिटल पाटृनरको रुपमा सहयोग गर्ने भएको हो। उक्त कार्यक्कमलाई सफल पार्न हस्पिटलको तर्फबाट सक्दो सहयोग गर्ने र असोज ४ गते प्रतियोगिता अवधिभर एम्बुलेन्स सहितको स्वास्थ्यकर्मी समेत आफुहरुले उपलब्ध गराउने भएको उहाँले जनाउनु भयो। पोखरामा करिब १४ बर्ष अघि स्थापना भएको नमस्ते हस्पिटल केही समय अघि देखि पोखराको मुस्ताङचोक पार्दीमार्गमा आफ्नै अध्याधुनिक सुविधा सम्पन्न भवनबाट सेवा दिदै आएको हस्पिटलका प्रबन्ध निर्देशक मदनकुमार रंजितकारले बताउनु भयो।

बिषेशज्ञ चिकित्सक सहित ओपीडी,ओटी, वार्ड, आईडब्लु लगायतको सेवा सहित चौबिसै घण्टा इमर्जेन्सि तथा फार्मेसि सेवा उपलब्ध गराउदै आएको प्रा.लि.ले जनाएको छ। पोखरा क्लिक प्रा.लि. र पोखरा प्रबर्द्धन केन्द्रको संयुक्त आयोजनामा हुने उक्त प्रतियोगिताको तयारी तिव्र पारिएको केन्द्रका उपाध्यक्ष असफल गौतमले बताउनुभयो। विश्वशान्ति स्तुपबाट सुरु भई पुम्दीकोट विशाल महादेवको मूर्ति परिक्रमा गरी पोखरा-२२ वडा कार्यालय हुँदै न्यालडाँडामा अवस्थित कालाबाङ घरेडी बुद्ध पार्कमा समापन हुने आठ कि.मी. पर्वतीय दौडमा खुला, वडास्तरीय, महिला, यू-१६ र पर्यटन तथा ४० बर्ष माथिका भेट्रान तर्फको प्रोत्साहन गरी ६ वटा इभेन्ट समावेश गरिएको उहाँले जनाउनु भयो। प्रतियोगितामा खुलातर्फ प्रथम हुने धावकले ५० हजार नगद प्राप्त गर्ने छन्। दोस्रो, तेस्रो, चौथो र पाँचौंलाई क्रमशः ३० हजार, १५ हजार, सातहजार, तीनहजार र छैटौंदेखि १० औं स्थानसम्म दुरी पूरा गर्ने धावकलाई जनही एकहजार नगद मेडल र प्रमाणपत्र सहित पुरस्कृत गरिने भएको छ। यसैगरी, वडास्तरीय, खुल्ला महिला र यू-१६ तर्फका विजेता जनही १५ हजार र उपविजेता जनही सातहजार रुपैयाँसहित मेडल र प्रमाणपत्रद्वारा पुरस्कृत गरिने छ। प्रतियोगितामा यस वर्ष ४० वर्ष माथिका भेट्रान र विदेशी धावकलाई प्रोत्साहन पुरस्कारको समेत व्यवस्था गरिएको छ। भेट्रान र विदेशी इभेन्टका विजेतालाई जनही १५ हजार रुपैयाँका दरले प्रोत्साहन पुरस्कार प्रदान गरिने छ।

प्रतियोगितामा सहभागि हुने खेलाडीहरुले अनलाइन फराम भर्नु पर्ने छ, अनलाइन फारम हाल भर्ने क्रम जारी रहेको छ। यही भदौं २५ गतेसम्म मात्र धावकहरुले अनलाइन फारम मार्फत आफ्नो नाम दर्ता गराउन सक्ने प्रतियोगितका निर्देशक ओम लामाले बताउनु भयो। पोखरा क्लिक डटकममा अनलाइन फारम भर्न सकिन्छ। पहिलो संस्करणमा बेलायत र ब्राजिल सहित ७१ पुरुष र ३३ महिला धावकले अनलाइन फाराम भरेकामा प्रतिकुल मौसमका कारण ७९ जना सहभागी भएकामा खुलातर्फको उपाधि शसस्त्र प्रहरी बल एपीएफ क्लवका निरोज भट्ट क्षत्रीले जित्नु भएको थियो।

प्रतियोगितालाई सफल पार्न विश्व शान्ति स्तुपः समिति, पुम्दीकोट कोट विकास समिति, कालाबाङ घरेडी बुद्ध पार्क समिति, गण्डकी प्रदेश सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, पोखरा लेकसाइडको मजेष्टिक लेक फ्रण्ट होटल एण्ड सुइट्स,, हिमश्री फुड्स प्रा.लि./केसी ग्रुप, पोखरा पर्यटन परिषद्, होटल मुस्ताङ लेते एण्ड थकाली किचन, टान गण्डकी, सहास स्पोर्ट्स नेपाल, अटोवेज प्रा.लि., पोखरा महानगरपालिका २२ को वडा युवा परिषद्, पोखरा भ्रमण बर्ष २०२५, परिचय एड्भर्टाइजिङ, ड्याम साइड युवा क्लव, नेपाल हवाई खेलकुद संस्था (ना) लगायतको सहयोग रहेको छ। प्रतियोगितालाई नेपाल पर्यटन बोर्ड र पोखरा महानगरपालिकाले प्रवर्द्धन गरेका छन। प्रदेश खेलकुद परिषद् गण्डकीको समन्वय र पोखरा महानगरपालिका २२ को सहकार्य रहेको प्रतियोगिताको मेडिकल पार्टनरमा नेलम्बो नेपाल, अफिसियल टेलिभिजनमा सिटीवान टेलिभिजन तथा अफिसियल रेडियोमा रेडियो सफलता जोडिएको छ। आधिकारिक ड्रिङ्किङ वाटरकारूपमा ग्लेज नेचुरल स्प्रिङ वाटरले साथ दिएको छ। उक्त प्रतियोगिता सभ्य एवम् भव्य रूपमा सम्पन्न गर्न करिब १६ लाख ९१ हजार रुपैयाँ खर्च हुने भएको प्रा.लि.का व्यबस्थापक सागर सुनारले बताउनु भयो। प्रतियोगिताको प्रथम पुरस्कार अन्तर्राष्ट्रिय ख्यातिप्राप्त खेलाडी ल्याफ्टेनेन्ट कुसाङ गुरुङले प्रायोजन गर्नुभएको छ। उहाँ अन्तर ष्ट्रिय म्याराथन धावक तथा सहारा यूकेका पूर्व अध्यक्ष अवकार प्राप्त ल्याफ्टेनेन्ट कुसाङ गुरुङ मलेसियाको माउन्ट किनाबालु अन्तर्राष्ट्रिय क्लाइमाथन तीन पटक लगातार जित्ने कीर्तिमानधारी धावक हुनुका साथै एभरेष्ट म्याराथन लगायत थुप्रै प्रतिष्ठित दौडमा नेपालको नाम उजागर गर्न सफल प्रतिभा हुनुहुन्छ।

# वालिङ नगरमा–'बजेट आयो, योजना आएन'

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, १३ भाद्र

आर्थिक बर्ष २०८२/०८३ का लागि वालिङ नगरपालिकाले नगरसभामा पेश गरेको बजेट अहिले सम्म सार्वजनिक गरेको छैन।

नगरसभामा १ अर्व ५ करोडको ७६ लाख ९ हजारको बजेट पेश गरिएको थियो। सभामा क्षेत्रगत बजेट नै नछुट्टाई पेश गरेका कारण बजेट सार्वजनिक गर्न ढिलाई भएको हो। स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ अनुसार चालु आर्थिक बर्षको बजेट असार १० गतेभित्र पेश गर्नुपर्ने व्यवस्था छ। जस अनुसार वालिङ नगरपालिकाले समयमै बजेट नगरसभामा पेश गरेको थियो। नगरसभामा पेश भएको बजेटलाई असार मसान्त भित्र कार्यपालिकाबाट अनुमोदन गरिसक्नु पर्ने कानुनी व्यवस्था छ। कार्यपालिकाबाट बजेट अनुमोदन भएको ७ दिनभित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिनुपर्ने स्थानीय सरकार संचालन ऐन २०७४ मा उल्लेख छ। तर अहिले सम्मपनि वालिङ नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट कार्यन्वयन गर्न अख्तियारी नै दिएका छैनन्। अख्तियारी नै नपाएको बजेट नगरपालिकाको वेवसाइडमा सार्वजनिक गर्न समस्या भएपछि अन्योल सिर्जना भएको छ।

कार्यपालिकाले क्षेत्रगत योजना र कार्यक्रमका लागि निर्माण गरेको बजेट भन्दा बढी योजना समावेस गर्नुपर्ने परिस्थिती आएपछि बजेटको ब्रेकडाउन हुन नसकेको बताइएको छ। बजेट ब्रेकडाउन हुन नसकेपछि नगरको वेवसाइडमा सार्वजनिक गर्न कठिनाई भएको नगरपालिकाले जनाएको छ। वालिङ नगरपालिकाको बजेटको क्षमता ९३ करोड रहेपनि उपप्रमुखले पेश गरेको बजेट झण्डै १२ करोड बढी रहेको थियो। समयमै क्षेत्रगत योजना बाँडफाड नहुँदा बजेटको आकार दैनिक जसो बढ्न थालेपछि भित्रभित्रै विवाद सिर्जना भएको बुझिएको छ। नगरसभामा पेश भएपछि पनि योजनाहरु थपगर्दा घाटा बजेट सिर्जना हुनेभएपछि विवाद सिर्जना भएको एक कर्मचारीले बताए।

असार मसान्तभित्र बजेट अनुमोदन भई ७ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने कानुनी व्यवस्था अनुसार वालिङ नगरपालिकाले साउन ७ गते बजेट कार्यन्वयन गर्न नगर प्रमुखले अख्तियारी दिनुपर्ने थियो। तर अहिले सम्म प्रमुख प्रशासकीयलाई अख्तियारी नदिएकाले बजेट सार्वजनिक हुन नसक्दा नागरिकले माग गरेका योजनाहरु परेकी परेका छैनन् भन्ने थाहा पाउन सकेका छैनन्। यस बिषयमा नगर प्रमुख कृष्ण खाँणले केही प्राविधिक समस्याका कारण बजेट सार्वजनिक गर्न ढिलाई भएको बताए। केही दिनमै शनिवार (भदौ १४ गते) सम्म वालिङ नगरपालिकाको बजेट सार्वजनिक हुने खाँणको भनाई छ। सिमित बजेट योजना धेरै हुँदा केही समस्या हुन गएको खाँणले बताए।

समयमै बजेट हस्तान्तरण नहुँदा नगरपालिकाले बार्षिक रुपमा गरिने काम सबै ठप्प भएका छन्। यो समस्या हरेक बर्ष हुँदै आएको छ। गतबर्ष पनि प्रमुख र उपप्रमुख बिच बजेट बाँडफाँडमा विवाद हुँदा भदौको अन्तिम सातामात्रै बजेट सार्वजनिक भएको थियो। यो बर्ष पनि पुरानै समस्या दोहोरिने देखिएको छ। समयमै बजेट सार्वजनिक गर्न नसक्दा नगरपालिका स्थानीयतह संस्थागत क्षमता स्वमुल्याङ्कन (लिसा) मा कमजोर बन्दै गएको छ।

पान नं.: ३०२८४७४७५    "बचत, योजना र आँटमा हजुरको दृढता । सुरक्षण, लगानी र रोजगारमा हाम्रो प्रतिबद्धता ।।"    दर्ता नं.: १७५-२०५६/०५७

**युनाइटेड नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**UNITED NEPAL MULTIPURPOSE CO-OPERATIVE SOCIETY LTD.**
पोखरा महानगरपालिका-१०, रक्षा मार्ग, कास्की, गण्डकी प्रदेश
मिति २०७९/०६/१३ गते सहकारी रजिष्ट्रार कार्यालय गण्डकी प्रदेशमा अद्यावधिक
(सहकारी ऐन, २०४८ बमोजिम दर्ता प्राप्त)

## १९ औं बार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा

यस संस्थाको विनियमको दफा २९ उपदफा १ बमोजिम मिति २०८२/०५/११ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **१९ औ बार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा तपशिल प्रस्ताविक विषयहरु उपर छलफल गरि निर्णय गर्नुपर्ने भएकोले, यहाँहरुको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**छलफलका विषयहरू** :
१) संचालक समितिको तर्फबाट अध्यक्षद्धारा आ.व.२०८१/०८२ को प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित सम्बन्धमा।
२) कोषाध्यक्षद्धारा आ.व २०८१/०८२ को आर्थिक प्रतिवेदन र आ.व.२०८२/०८३ को भावी बजेट प्रस्तुत तथा पारित सम्बन्धमा।
३) आ.व.२०८१/०८२ को लेखा समितिका संयोजकको प्रतिवेदन प्रस्तुत सम्बन्धमा।
४) आ.व. २०८२/०८३ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा।
५) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गरी निर्णय प्रमाणित गर्ने शेयर सदस्य मनोनयन सम्बन्धमा।
६) निति निर्देशिका तथा कार्यविधि सम्बन्धमा।
७) शेयर लाभांशको अनुमोदन सम्बन्धमा।
८) संचालक समितिमा रिक्त पदको पदपुर्ती सम्बन्धमा।
९) निष्कृय सदस्य तथा खाता सम्बन्धमा
१०) विविध।

**कार्यक्रम** :
मिति : २०८२ साल असोज ०६ गते सोमबार
समय : बिहान ८:३० बजे
स्थान : भमरकोट पार्टी प्यालेस एण्ड रेष्टुरेण्ट ,बिरेन्द्रचोक
नोट : कार्यक्रममा शेयर सदस्य स्वयम् उपस्थित भएमा तथा दोस्रो सत्र पछि मात्र यातायात खर्च प्रदान गरिने छ।
साथै साधारण सभामा उपस्थित हुँदा संस्थाले प्रदान गरेको सदस्यता कार्ड लिई उपस्थित भई दिनुहुन जानकारी गराईन्छ।

सञ्चालक समितिको आज्ञाले
श्री लक्ष्मी गुरुङ
का.वा.सचिव

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# स्याङ्जाका कृषकले उत्पादन गरे ५ करोडको मह

पोखरापत्र संवाददाता
स्याङ्जा, १२ भाद्र

स्याङ्जाका मौरीपालक कृषकले ५ करोड मुल्य बराबरको मह उत्पादन गरेका छन् ।

जिल्लाका व्यावसायिक मौरीपालक ५२९ कृषकले गएको वर्ष तिन मौसम (सिजन) मा गरि ५ करोड ४५ लाख ७२ हजार मुल्यको मह उत्पादन गरेका हुन् । ११ हजार १३७ घार (गोला) मौरीपालन गर्दै आएका कृषकले ३८ हजार ९८० किलोग्राम मह उत्पादन गरेका छन् । मह उत्पादन हुने मौसममा प्रतिकिलो १२ सयमा बिक्री गरेका कृषकले बेमौसम (अफसिजन) मा १६ सय रुपैयाँसम्मको मुल्यमा प्रतिकिलो मह बिक्री गर्दै आएका छन् । जिल्लामा वार्षिक रुपमा सबै भन्दा बढि बिरुवा गाउँपालिकामा दुई हजार ५ सय घार पाल्ने ८० कृषकले ८ हजार ७५० किलो मह उत्पादन गरेका छन् । वालिङ नगरपालिकाका ४० कृषकले १ हजार ५ सय घारबाट ५ हजार २५०, र फेदीखोला गाउँपालिकाका ४० कृषकले एक हजार तिन



सय घारबाट चार हजार ५५० किलोग्राम मह उत्पादन गरेको कृषि ज्ञान केन्द्रले जनाएको छ । केन्द्रले दिएको जानकारी अनुसार चापाकोट नगरपालिकाका ८० कृषकले चार हजार दुई सय, कालिगण्डकी गाउँपालिका भ्रूण्डै सय कृषकले तिन हजार ८५०, पुतलीबजार नगरपालिकाका ७५ मौरीपालक कृषकले तिन हजार ५ सय र अर्जुनचौपारी गाउँपालिकाका ३० कृषकले तिन हजार पाँच सय किलोग्राम मह उत्पादन गरेका छन् । त्यस्तै गल्याङ नगरपालिकाका ८० कृषकले दुई हजार ४५०, आँधीखोलाका २२ कृषकले एक हजार ७५०, हरिनाश गाउँपालिकाका १२ कृषकले ६५५ र भीरकोट नगरपालिकाका १० कृषकले ५२५ किलोग्राम मह उत्पादन गरेको केन्द्रका कृषि विकास अधिकृत विकास विकले जानकारी दिए । राम्रो चरन भएको ठाउँका मौरीको घारबाट वर्षमा जेठ-असार, असोज-कार्तिक र फागुन-चैत्रमा गरि तिन पटक मह निकाल्ने (काड्ने) गरिन्छ । उत्पादित महको ७० प्रतिशत ठूलो हिस्सा स्थानीय बजारमा खपत हुँदै आएको छ भने ३० प्रतिशत पोखरा, बुटवल र काठमाडौं जस्ता सहरमा निकासी हुँदै आएको छ । जेठ-असार र असोज-कार्तिकमा निकालेको मह राम्रो र गुणस्तर देखिन्छ भने फागुन-चैत्रमा निकाल्ने मह गुणस्तरीय भएपनि राम्रो नदेखिने २५ वर्षदेखि मौरीपाल्दै आएका ७४ वर्षिय अनुभवि कृषक श्यामप्रसाद अर्याल बताए ।

राम्रो चरनका पहाडे मौरीको मह स्थानीय बजारमै खपत हुँदै आएको दाबी गर्ने अर्यालले भारतीय कम्पनीमा बनेका कृत्रिम महले सक्कली (स्थानीय/रैथाने) महको बजार बिगारेको सुनाए । पछिल्ला केहि वर्षदेखि व्यावसायिक कीट विकास केन्द्र बन्दिपुर तनहुँले मौरीपालन र च्याउ खेतीमा स्याङ्जाका कृषकलाई सहयोग गर्दै आएको केन्द्रले जनाएको छ। केन्द्रको सहयोगमा मौरीपालक र च्याउ खेती गर्ने कृषकको संख्या र उत्पादनमा बृद्धि हुने अपेक्षा गरिएको छ।

# नागरिकलाई सेवा दिन सहरमा घुम्ती शिविर

पोखरापत्र संवाददाता
म्याग्दी, १३ भाद्र

पोखरा, चितवन, काठमाडौंलगायतसहरमाअस्थायी बसोबास गर्ने नागरिकलाई यहाँका स्थानीय तहले घुम्ती शिविरमार्फत सेवा प्रदान गरेका छन् ।

बागलुङ, म्याग्दीसहित पहाडी जिल्लाबाट विभिन्न कारणले सहर झरेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला आदिलाई सामाजिक सुरक्षा भत्ताका लागि परिचयपत्र नवीकरणलगायत सेवा प्रदान गरिएको हो । बागलुङको गलकोट नगरपालिकाले बिहीबार गण्डकी प्रदेश राजधानी पोखरामा बस्ने लाभग्राहीलाई उक्त सेवा प्रदान गरेको हो । गलकोट-७ का वडाध्यक्ष राज थापाको नेतृत्वमा आएको जनप्रतिनिधि र कर्मचारीको टोलीले एक सय ५० भन्दा बढी लाभग्राहीको परिचयपत्र नवीकरण गरेको नगरपालिकाले जनाएको छ । सात प्रकारका सामाजिक सुरक्षा भत्ताका लाभग्राहीले उक्त सेवा लिएको वडाध्यक्ष थापाले बताउनुभयो । गलकोट समाज पोखराको समन्वयमा घुम्ती शिविर सञ्चालन गरिएको थियो । वडाध्यक्ष थापासहित नगरपालिकाको पञ्जीकरण शाखाका प्रमुख लोकेन्द्र गैरे, वडा नं ३ का वडासचिव चन्द्रबहादुर श्रीस, वडा नं ७ की कार्यालय सहायक सरस्वती थापा केसीलगायतको टोलीले सेवा प्रदान गरेको नगरपालिकाले जनाएको छ । यसअघि नवलपुरको गैंडाकोटमा यही भदौ ४ गते, चितवनमा ५ गते र काठमाडौंमा ७ गते घुम्ती शिविर सञ्चालन गरिएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो । "ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएकाहरू, एकल महिलालगायतलाई लक्ष्य गरी घुम्ती शिविर सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो, "लाभग्राहीलाई सहज होस् भनेर उहाँहरू बसेकै ठाउँमा पुगेर परिचयपत्र नवीकरण गर्ने व्यवस्था मिलाइएको हो ।" बसाइँसराइका कारण सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरू सहरी क्षेत्रमा रहेकाले पछिल्लो समय स्थानीय तहहरूले सोही ठाउँमै पुगेर परिचयपत्र नवीकरण गर्न थालेका हुन् । सामाजिक सुरक्षाभत्ता बुझ्ने लाभग्राहीले वर्षको एकपटक परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षाभत्ता भने आफू बसोबास गरेकै ठाउँको बैंकबाट प्राप्त गर्न सकिने सुविधा छ ।

# सामुदायिक जीविकोपार्जन परियोजनाबाट एक हजार चार सय परिवार लाभान्वित

पोखरापत्र संवाददाता
म्याग्दी, १३ भाद्र

रघुगङ्गा गाउँपालिकामा सञ्चालन भएको सामुदायिक जीविकोपार्जन प्रवर्द्धन परियोजनाबाट सात गाउँका एक हजार ४०० परिवार लाभान्वित भएका छन् ।

अन्तरराष्ट्रिय रेडक्रस (आइसिआरसी)को साझेदारी र नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयको सहयोगमा छ वर्षअघि उक्त पालिकामा सुरु भएको परियोजना बिहीबारदेखि अन्त्य भएको छ ।

दुई चरणमा सञ्चालित परियोजनामार्फत किवी, ओखर, सुन्तला, कागती, टिम्मुर, सतुवा, बेसार, अदुवा, केराखेती, बाख्रा, भैंसी, मौरीपालन, कुखुरा, मौरीपालन, टनेलमा खेती प्रविधि, आरन सञ्चालन एवं व्यवस्थापन, बाँस तथा निगालोका सामग्री निर्माण, सिलाइकटाइ, गोठ सुधार र घरबास सञ्चालनका लागि आर्थिक, प्राविधिक सहयोगका साथै सीपमूलक तालिम पनि प्रदान गरिएको थियो ।

रघुगङ्गाका बेग, दग्नाम, चिमखोला, भगवती, पिप्ले, झिँ र पाखापानीमा परियोजना सञ्चालन भएको थियो ।

# लोमान्थाङ यार्तुङ घोडा दौडमा वडाध्यक्ष विष्ट च्याम्पियन

पोखरापत्र संवाददाता
मुस्ताङ, १३ भाद्र

वर्खायामको समाप्तिसँगै मनाइने यार्तुङ पर्व आज उपल्लो मुस्ताङको लोमान्थाङमा सुरु भएको छ ।

सो पर्वको अवसरमा लोमान्थाङ युवा क्लबको आयोजना तथा एक्याप लोमान्थाङको आर्थिक सहयोगमा परम्परागत घोडा दौड प्रतियोगिता पनि आयोजना गरिएको थियो ।

यहाँ दुई विधामा घोडा दौड प्रतियोगिता आयोजना गरिएको थियो । मुस्ताङ सांस्कृतिक राजपरिवारको समुउपस्थितिमा आयोजना गरिएको कदम घोडा दौड प्रतियोगितामा लोमान्थाङ-५ का वडाध्यक्ष ढुक्के विष्ट च्याम्पियन बन्नुभएको छ । कदम घोडा दौड प्रतियोगितामा सहभागी कूल १२ प्रतियोगीमध्ये वडाध्यक्ष विष्ट च्याम्पियन बन्नुभएको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले जानकारी दिनुभयो । कदम घोडा दौडतर्फ छेडुप गुरुङ दोस्रो र निमा वाङ्दी गुरुङ तेस्रो हुनुभएको कार्यालय प्रमुख पौडेलले उल्लेख गर्नुभयो । योसँगै कदम घोडा दौडको च्याम्पियन विष्टले नगद एक लाख रुपैयाँ पुरस्कारसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो । यसैगरी कदम घोडा दौडको दोस्रो र तेस्रो हुने घोडा मालिकले नगद ५० हजार र २५ हजार रुपैयाँ पुरस्कारसहित मेडल र प्रमाणपत्र पाउनुभयो । यसैगरी गरी यार्तुङ पर्वको अवसरमा आयोजित भाक्का (लामो दुरी) घोडा दौड प्रतियोगितामा डब्ला गुरुङ च्याम्पियन हुनुभयो ।

प्रतियोगितामा ल्हाक्पा गुरुङ दोस्रो र ढुक्के विष्ट तेस्रो हुनुभयो । भाक्का घोडा दौडाका विजेताले क्रमश नगद ३०, २० र १० हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो ।

प्रतियोगिताका विजेतालाई लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङ, क्लबका अध्यक्ष उमेश पौडेल र क्लबका अध्यक्ष पेमा तेन्जिङ गुरुङले पुरस्कार वितरण गर्नुभयो ।

# 'टी ट्वान्टी' शृङखला: दोस्रो खेलमा नेपाल 'ए' विजयी

रासस
काठमाडौं, १३ भाद्र

'टी ट्वान्टी' शृङ्खलाअन्तर्गत आफ्नो दोस्रो खेलमा नेपाल 'ए' विजयी भएको छ ।

भारतको गुवाहाटीमा भएको खेलमा नेपाल 'ए'ले घरेलु टोली आसामलाई ९६ रनले पराजित गर्दै जारी शृङ्खलामा पहिलो जित दर्ता गराएको हो । नेपालले प्रस्तुत गरेको १७४ रनको लक्ष्य पछ्याएको आसामको पारी १५ दशमलव २ ओभरमा ७७ रनमै समेटियो । आसामका लागि रुहिनन्दन पेगुले सर्वाधिक १७ रन, शिवशङ्कर रोयले १६ तथा आकाश सेनगुप्ताले १० रन बनाए । बलिङतर्फ नेपालका युवराज खत्रीले चार, बसिर अहमदले तीन तथा कमलसिंह ऐरी, आकाश चन्द र विवेककुमार यादवले एक/एक विकेट लिए । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १७३ रनको योगफल बनाएको थियो । नेपालका लागि सन्दीप जोराले सर्वाधिक ३५ रनको योगदान दिए । त्यसैगरी पवन सर्राफ र देव खनालले समान ३१/३१ रन बनाए भने बसिर अहमदले २७, विवेकुमार यादवले अविजित २६ तथा आदिल आलम अन्सारीले १४ रन बनाए ।

बलिङतर्फ आसामका लागि आकाश सेन गुप्ताले तीन, अभिनव चौधरीले दुई तथा आयुशमान मालाकार र अभिलश गोगोईले एक/एक विकेट लिए ।

बिहीबार भएको पहिलो खेलमा नेपाल 'ए' डकवर्थ लुइस पद्दति (डिएलएस) का आधारमा आसामसँग १५ रनले पराजित भएको थियो । यससँगै नेपाल 'ए' र आसामसँगको पाँच खेलको उक्त शृङ्खलामा १-१ को बराबरी भएको छ । शनिबार तेस्रो खेल हुनेछ ।

# बेनी बजारमा रातो च्याउको माग बढी

पोखरापत्र संवाददाता
म्याग्दी, १३ भाद्र

बेनी बजारमा रातो च्याउको खपत हुने भएकाले व्यवसायीले माग धान्न सकिरहेका छैनन् । रातो च्याउ स्वादिलो र पोषिलो हुने भएकाले पनि उपभोक्ताको रोजाइमा पर्ने गरेको हो ।

यही भदौ १० गते बेनी बजारमा रातोच्याउ बेच्न आउनुभएका रघुगङ्गा गाउँपालिका-८ कुइनेखानीका लगीन छन्त्यालको डोको ३० मिनेटमा रित्तियो । कुइनेमङ्गलेको जङ्गलबाट ल्याएको २० किलो रातोच्याउ बजारका उपभोक्ताले खोसाखोस गरेर किन्नु भएको उहाँले बताउनुभयो । "गाउँघरमा परम्परागत तरिकाले उपभोग गरिने रातो च्याउ सडक तथा यातायातको



सुविधासँगै सहर, बजारमा पुग्न थालेको छ", छन्त्यालले भन्नुभयो, "खोज्न सक्नुपऱ्यो च्याउ जति पनि बिक्री हुन्छ ।" उहाँका अनुसार समुन्द्री सतहबाट तीन हजार मिटर उचाइका जङ्गलमा खस्रु, हिमाली सल्ला, फलाट, दबदबे जातका सुकेका रूखमा बर्खायाममा आफैं उम्रने रातोच्याउ तरकारीका रूपमा उपभोग हुन्छ । बेनीमा ताजा रातो च्याउ प्रतिकिलो रु एक हजारका दरले किनबेच भइरहेको छ । सुकुटी बनाइएको प्रतिकिलो रु चार हजारदेखि रु पाँच हजारसम्म पर्ने धवलागिरि गाउँपालिका-१ गुर्जाका भविन छन्त्यालले बताउनुभयो । सबैभन्दा बढी जङ्गली च्याउ टिपेर बजारमा बेच्ने गुर्जाका बासिन्दा हुन् । गुर्जाका बासिन्दाले च्याउ बेचेर वार्षिक रु दुई-तीन लाखसम्म आम्दानी गर्ने उहाँले जानकारी दिनुभयो । रातो च्याउ स्वादीलो र पोषिलो हुने भएकाले उपभोक्ताको रोजाइमा पर्ने बेनीकी होटल व्यवसायी नौलीमाया पुनले बताउनुभयो । रातो च्याउमा प्रोटिन र विभिन्न आवश्यक तत्व पाइने नेपाल कृषि अनुसन्धान परिषद्को रातो च्याउखेती प्रविधि पुस्तिकामा उल्लेख छ । रातो जङ्गली च्याउ उम्रिन निश्चित तापक्रम र आर्द्रता चाहिन्छ। मध्यजेठदेखि मध्यअसारसम्म र मध्यभदौदेखि असोजसम्म मात्र च्याउ टिप्ने उपयुक्त मौसम हो । म्याग्दीको गुर्जा, लुलाङ, मुदी, चिमखोला, मुना, कुइने, मङ्गले, घ्याँसीखर्क, राम्चे, घोडेपानीलगायत माथिल्लो भेगका बस्ती तथा जङ्गलमा रातोच्याउ व्यापारिक रूपमा सङ्कलन हुन्छ । "जङ्गलबाट टिपेको च्याउ छिट्टै बिग्रने भएकाले सङ्कलकहरूले टुक्रा पारेर घाममा सुकाउँछन् । घाम नलागेका बेला भने अँगेनाको माथि भार बनाइ भकारी राख्ने र त्यसैमाथि च्याउ राखेर ताप र धुवाँले सुकाउँछन्", पुनले भन्नुभयो । डिभिजन वन कार्यालयका अनुसार म्याग्दीका जङ्गलबाट वार्षिक ३० क्विन्टल रातो च्याउ उत्पादन हुन्छ। जिल्ला बाहिर बिक्रीका लागि पठाउँदा च्याउमा वनले प्रतिकिलो रु १० का दरले राजस्व लिने गरेको छ। जिल्लाभित्र च्याउ सङ्कलन र बिक्रीका लागि अनुमति चाहिँदैन। सहर, बजारमा बस्ने लेकाली तरकारीको स्वाद नबिर्सेका उपभोक्ताले गाउँबाट रातो च्याउ किनेर लैजाने वा आफन्तमार्फत मगाउने व्यवसायी छन्तयालले बताउनुभयो । "रातो च्याउ टिप्न जोखिम र दुःख पनि छ । बस्तीबाट टाढाको जङ्गलमा वन्यजन्तुको आक्रमण हुने जोखिम हुन्छ, सुकेका अग्ला रूखमा उम्रेको च्याउ टिप्न ज्यान जोखिममा राखेर चढ्नु सजिलो छैन् । रातो च्याउ सजिलै चिन्न सकिने भएकाले विषालु च्याउको जोखिम भने हुँदैन", उहाँले भन्नुभयो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शत्रुको भय | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : शारीरिक झमेला |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जापानिज इन्सेफलाइटिसको सङ्क्रमण देखिएपछि सचेतना अभियान

रासस
काठमाडौं, १३ भाद्र

दुईजनामा जापानिज इन्सेफलाइटिसका सङ्क्रमण देखापरेसँगै वीरगञ्ज महानगरले सचेतनामूलक कार्यक्रम अघि सारेको छ। पछिल्लो समय वीरगञ्ज महानगर र ठोरी गाउँपालिकामा जापानिज इन्सेफलाइटिसका एक-एक सङ्क्रमित भेटिएका थिए ।

महानगरले यहाँका विभिन्न स्थानमा रहेका पशुपन्छी फार्ममा विशेष अनुगमन तथा जनचेतनामूलक अभियान सञ्चालन गरेको छ । महानगरको वडा नं १९ बरवा र वडा नं २२ मनियारीका सुँगुर तथा बङ्गुर फार्ममा गरिएको अनुगमनका क्रममा स्थानीयलाई रोगको जोखिमबारे सचेत गराइएको छ । महानगर प्रमुख राजेशमान सिंहले रोग नियन्त्रणलाई उच्च प्राथमिकतामा राखिएको उल्लेख गर्दै नियमित रूपमा औषधि छर्कने र फार्मस्तरमा सरसफाइलाई जोड दिइरहेको जानकारी दिनुभयो । अभियानमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा, वन-पर्यावरण शाखा र महानगर प्रहरी बलको संयुक्त टोली सहभागी थियो । महानगरले सुँगुरपालन क्षेत्रमा रोगको सम्भावना बढी हुने भएकाले सरसफाइमा निरन्तर ध्यान दिन, पानी जम्न नदिन, मलमूत्रको उचित व्यवस्थापन गर्न तथा लामखुट्टे नियन्त्रणका उपाय अपनाउन सर्वसाधारणलाई आग्रह गरेको छ । स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले पोथी लामखुट्टेले पशुपन्छी घोडा, सुँगुर, बङ्गुर, हाँस आदिलाई टोकेर मानिसलाई टोक्यो भने मानिसमा जापानिज इन्सेफलाइटिस रोगको सङ्क्रमण देखापर्ने बताउनुभयो ।


HIMALAYAN LIFE
प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७, पो.ब.नं. २५९७९

## हकदाती सम्बन्धि सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | ULI4170000050 | विशाल मास्के | विहादी-३, पर्वत |
| २ | GLI0010083 | कृष्ण कुमारी कुइकेल | मादी-५, कास्की |
| ३ | GLI0010082 | सृजना कुइकेल | मादी-५, कास्की |

# सामाजिक सुरक्षाभत्ता पाउने सेवाग्राही खोज्दै स्थानीय तह

**प्रतीक्षा आले**
गोरखा, १३ भाद्र/रासस



गाउँलेको अत्याधिक बसाइँसराइ भएपछि गोरखाका गाउँपालिकाहरूको सेवा दिने तौरतरिका पनि फेरिन थालेको छ। अहिले गाउँपालिकाले सामाजिक सुरक्षाभत्ता पाउने सेवाग्राही खोज्दै कर्मचारीलाई गोरखा बजार, चितवन र काठमाडौँमा खटाउन थालेका छन् ।

बारपाक सुलिकोट गाउँपालिका, सिरानचोक, अजिरकोट, धार्चे, चुमनुब्री र आरुघाट गाउँपालिकाले गोरखा बजार, काठमाडौँ र चितवनका सहरमा पुगेर सामाजिक सुरक्षाभत्ताको कार्ड नवीकरण शिविर सञ्चालन गरेको हो ।

सिरानचोक गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ठाकुरप्रसाद अर्यालका अनुसार कर्मचारीको टोली खटाएर विभिन्न मितिमा सहरमा शिविरि सञ्चालन गरिएको छ । "काठमाडौँमा साउन ३०, ३१, भदौ १ र २ गते घुम्ती शिविर सञ्चालन गरेर सामाजिक सुरक्षा भत्ता नवीकरण गरे, जसबाट २५० जनाले सेवा लिए । चितवनमा यही बिहीबार र शुक्रबार शिविर सञ्चालन भइरहेको छ । चितवनको धुम्ती शिविरबाट कम्तीमा पनि तीन सय जनाले सेवा लिने हाम्रो अनुमान छ । पालिकाले काठमाडौँको वनस्थली चोक र चितवनको भरतपुर महानगरपालिका-११ शान्तिटोलमा सामाजिक सुरक्षा भत्ता नवीकरण शिविर सञ्चालन गरेको हो । गाउँपालिकाका अधिकांश वृद्धवृद्धा औषधोपचारका लागि काठमाडौँ तथा चितवनजस्ता सहरहरूमा बस्दै आएकाले पालिकाले उतै पुगेर सामाजिक सुरक्षा भत्ता नवीकरण गरेको प्रमुख प्रशासकीय अधिकृत अर्यालले बताउनुभयो । उहाँका अनुसार पालिकाले सहरमै पुगेर यसरी घुम्ती शिविर सञ्चालन गरेको यो पहिलोपटक हो। "वृद्धवृद्धा गाउँमा आउनुपर्दा उहाँहरूलाई गाह्रो हुने भयो। कतिपय त ह्वीलचियरसहित आउनुपर्ने अवस्था छ। हाम्रा अधिकांश पालिकापासी काठमाडौँ र चितवनमा बसोबास गर्नुहुन्छ त्यसैले त्यहीँ पुगेर घुम्ती शिविर सञ्चालन गरेका हौँ", अर्यालले भन्नुभयो । शिविरमा एकजना एमआइएस अपरेटर, एकजना वडासचिव र जनप्रतिनिधि खटिएका उहाँको भनाइ छ।

सिरानचोक गाउँपालिकाका अधिकांश वृद्धवृद्धा छोराछोरीको सहारा खोज्दै काठमाडौँ, चितवनमा बसोबास गर्न गएका छन् । कतिपय भने औषधोपचारका लागि ती सहरमा बस्दै आएको अर्यालले बताउनुभयो । उनीहरू गाउँमा आउनुभन्दा पालिका नै उता जानु सजिलो हुने भएकाले सामाजिक सुरक्षा भत्ता नवीकरण गराउन उतै गएको उहाँको भनाइ छ। पालिकाले सहरमै पुगेर यसरी घुम्ती शिविर सञ्चालन गरेको यो पहिलोपटक हो। गाउँपालिकाको चार हजार ८०० जना नागरिकले सामाजिक सुरक्षाभत्ता लिने गरेकामा आधाभन्दा धेरै पालिका बाहिर बसोबास गर्दै आएका छन् । सिरानचोकले जस्तै बारपाक सुलिकोट गाउँपालिकाले पनि काठमाडौँ र चितवनमा घुम्ती शिविर सञ्चालन गरेको छ । पालिकाले यही साउनको अन्तिम साता काठमाडौँ र चितवनमा सामाजिक सुरक्षाभत्ता नवीकरणका लागि शिविर सञ्चालन गरेको हो । आफ्ना नागरिक बसोबास गरेकै ठाउँमा पुगेर सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि शिविर चलाएको पालिकाले जनाएको छ। बारपाक सुलिकोटले साउन २६ र २७ गते चितवन तथा साउन २९ देखि ३१ गतेसम्म काठमाडौँमा शिविर सञ्चालन गरेको प्रमुख प्रशासकीय अधिकृत सुवास आलेमगरले बताउनुभयो । जसबाट चार सय २५ जनाले सेवा लिएका उहाँले जानकारी दिनुभयो । चितवनमा भएको शिविरमा एक सय २९ जना र काठमाडौँ दुई सय ९६ जनाको सामाजिक सुरक्षा भत्ता नवीकरण गरिएको छ । नवीकरण गराउनेमा दुई सय ४१ महिला र एक सय ८४ पुरुष छन् । गाउँपालिकाका करिब छ हजार नागरिकले सामाजिक सुरक्षा भत्ता लिने गरेका छन् । तीमध्ये आधाभन्दा बढी पालिका बाहिर रहेको आलेले जानकारी दिनुभयो। तीन हजारमात्र गाउँमा छन् । बाँकी पाँच सय जना गोरखा बजारमा, एक हजार जति चितवन र एक हजार ५०० जना काठमाडौँमा बसोबास गर्ने उहाँले सुनाउनुभयो। चुमनुब्री गाउँपालिकाले पनि काठमाडौँ र जिल्ला सदरमुकाम गोरखामा घुम्ती शिविर सञ्चालन गरी सामाजिक सुरक्षाभत्ताको कागजात नवीकरण गरेको प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछाने बताउनुभयो । विकट मानिने धार्चे गाउँपालिका पनि घुम्ती शिविर गर्ने तयारीमा छ। यही भदौ १५, १६ र १७ गते जिल्ला सदरमुकाममा सामाजिक सुरक्षाभत्ता नवीकरणका लागि घुम्ती शिविर सञ्चालन हुने पालिकाका प्रमुख प्रशासकीय अधिकृत काजीमान सुनारले बताउनुभयो। शिविरबाट छ सय जनाले सेवा लिने पालिकाको अनुमान छ । अजिरकोट गाउँपालिकाले साउन २८ र २९ गते चितवनमा र साउन ३० र ३१ गते काठमाडौँमा शिविर आयोजना गरेको थियो। जिल्लाको आरुघाट गाउँपालिकाले पनि काठमाडौँमा घुम्ती शिविर गरेको छ। पालिकाले साउन १६, १७, १८ र १९ गते शिविर सञ्चालन गरेको थियो । जसबाट दुई सय ३५ जनाले सेवा लिएका छन् । हरेक वर्ष भत्ताका लागि लाभग्राही सूची नवीकरण गर्नुपर्ने व्यवस्था छ। बसाइँसराइ तथा उपचारका लागि सहर झरेकाको समस्यालाई मध्यनजर गरी सहरमै शिविर सञ्चालन गरेर कार्ड नवीकरण गरिएको प्रमुख प्रशासकीय अधिकृतहरूको भनाइ छ।

# गर्मी छल्न कोप्रे झरना

**पोखरापत्र संवाददाता**
म्याग्दी, १३ भाद्र



बेनी नगरपालिका-२ मा रहेको कोप्रे झरना गर्मी छल्ने थलोका रूपमा विकास भएको छ । गर्मीयाममा शीतलताको खोजी गर्दै बेनीका बासिन्दा कोप्रे झरनामा पुग्न थालेका हुन्।

केही वर्षअघिसम्म गुमनाम कोप्रे झरना पछिल्लो समय नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकास भएको छ । बेनी बजारबाट दुई किलोमिटर पश्चिममा म्याग्दी नदी किनार र अग्लो पहाडको फेदीमा कोप्रे झरना अवस्थित छ। सार्वजनिक बिदाका दिन बेनीका युवायुवती, किशोरकिशोरीदेखि प्रौढहरू कोप्रे झरनामा पुगेर रमाउने गर्छन्।

शान्त र एकान्त वातावरणमा छङछङ गर्दै झर्ने झरनाको फेदीमा बसेर रमाइलो महसुस गर्न पाइने कोप्रे झरना घुम्न गएकी बेनीकी प्रिती छन्त्यालले अनुभव सुनाउनुभयो । "व्यस्त दैनिकी र सहरको कोलाहलबाट टाढा भएर प्रकृतिसँग रमाउँदा आनन्द महसुस भयो", उहाँले भन्नुभयो, "बेनीको उखरमाउलो गर्मी छल्न कोप्रे झरना उपयुक्त सहारा बनेको छ।" हिउँदमा सानो हुने कोप्रे झरना बर्खामा ठूलो हुने गर्छ । भिर तथा पहराको सहारा लिएर लडीबुडी खेल्दै खस्ने झरना हेर्दा निकै मनमोहक, आकर्षक र सुन्दर देखिन्छ। करिब एक सय ५० मिटर अग्लो झरनाको फेदीबाट नजिकै अवलोकन गर्न सकिन्छ । घाम लागेको समयमा इन्द्रेणी पार्ने यस झरनाले पर्यटकलाई खुब लोभ्याइरहन्छ । पहाडको टुप्पोबाट जमिनतिर एकनासले खसिरहने झरनाको चिसो पानीमा भिज्न पाउँदा निकै आनन्द हुने बेनीका आनन्द पुनले बताउनुभयो । कोप्रे झरनामा भिडियो र तस्बिर खिचेर सामाजिक सञ्जालमा टिकटक, रिल्स र स्टोरी बनाउने गर्छन् । बर्खायाममा कोप्रे झरनामा दिनभरजसो चहलपहल हुने बेनी नगरपालिका-२ का बासिन्दा नारायणबहादुर कार्कीले बताउनुभयो। कार्कीले झरना परिसरमा व्यक्तिगत लगानीमा चौतारी बनाएर बर र पिललको रुख रोप्नुभएको छ। बेनी नगरपालिकाले रु दुई लाख ५० हजार खर्चेर आश्रयस्थल, पार्किङस्थल र बस्नका लागि फलामको बेञ्च राखेको छ । थप पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा रु दुई लाख विनियोजन गरेको नगरप्रमुख सुरत केसीले बताउनुभयो।

गण्डकी प्रदेश सरकारमार्फत बेनीको हाडेभिरबाट बगरफाँट कोप्रे झरनाको नजिकै दूधेखोला हुँदै भकिम्ली जोड्ने सडक स्तरोन्नतिको क्रममा छ । सडक सहज र थप पूर्वाधारका साथै प्रचारप्रसार गरी कोप्रे झरनालाई बर्खायामको गन्तव्य बनाउन जोड दिएको नगरप्रमुख केसीले बताउनुभयो।

# तनहुँमा ८६३ मेट्रिकटन आलु उत्पादन

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ भाद्र

आलु प्रवर्द्धन आयोजना कार्यक्रमअन्तर्गत तनहुँमा ८६३ मेट्रिकटन आलु उत्पादन भएको छ।

आर्थिक वर्ष २०८१/८२ मा १३ कृषक समूहमार्फत् एक हजार रोपनी क्षेत्रफलमा उक्त परिमाणमा आलु उत्पादन भएको हो। कृषक समूह र सहकारीमार्फत क्लष्टरमा आलुखेती गरिएको कार्यालय प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो । एउटा क्लष्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा आलु खेती गर्नुपर्ने हुन्छ। उक्त कार्यक्रमका लागि रु ९३ लाख ३० हजार बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । यसका लागि प्रति समूहलाई ८० क्विन्टल किलो आलुको बीउ उपलब्ध गराइएको थियो।

कार्यालय प्रमुख लामिछानेका अनुसार किसानलाई जनकदेव, एमएस र कार्डिनल जातको आलुको बीउ ७५ प्रतिशत अनुदानमा प्रदान गरिएको थियो । उनीहरूलाई खेती गर्न विभिन्न उपकरण समेत उपलब्ध गराएको उहाँले बताउनुभयो।

# पोखरामा दोस्रो नेपाल खुला स्नूकर प्रतियोगिता हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ भाद्र

पर्यटनको राजधानी पोखरामा दोस्रो संस्करणका नेपाल खुला स्नूकर प्रतियोगिता-२०८२ हुने भएको छ।

पोखरा ड्यामसाइडमा रहेको फाइनल स्कोर स्पोर्ट्स बार प्रा.लि.को आयोजनामा र कास्की बिलियार्ड स्नूकर तथा पुल संघको विशेष सहयोगमा पुनः दोश्रो पटक उक्त प्रतियोगिता यही भदौं १७ गते देखि पोखरामा हुने भएको बिहीबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराइएको हो । यही भदौं २८ गतेसम्म पोखरा-१७ ड्यामसाइडस्थित फाइनल स्कोर स्पोर्ट्स बारमा सञ्चालन हुने प्रतियोगितामा देशभरबाट करिब १ सय २८ जना खेलाडीको सहभागिता हुने भएको आयोजक संस्थाका अध्यक्ष सोम बि.क.ले बताउनु भयो । गत वर्ष कास्की बाहेक अन्य जिल्लाबाट ५३ जना खेलाडी सहभागी भएका थिए भने यस वर्ष करिब ८० जना बाहिरी जिल्लाका खेलाडी आउने अनुमान गरिएको उहाँले जनाउनु भयो । प्रतियोगिताका विजेताले नगद २ लाख २ हजार २ सय २ रुपैया सहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने भएको छ। प्रतियोगितामा दोश्रो हुनेलाई ८० हजार प्रदान गरिने भएको छ भने सेमिफाइनलमा प्रवेश गर्ने दुई खेलाडीलाई जनही २५ हजार प्रदान गरिने भएको छ । प्रतियोगितामा हाइएस्ट ब्रेकरलाई २० हजार र प्रत्येक खेलमा सेन्चुरी ब्रेक गर्ने खेलाडीलाई ७ हजार ५ सय रुपैया प्रदान गरिने भएको छ। प्रतियोगितामा पुरस्कार राशी ३ लाख ५९ हजार ७ सय २ रहेको आयोजकले जनाएको छ। यस अघि २०८० सालमा पहिलो संस्करण भव्यतापूर्वक सम्पन्न भएपश्चात दोश्रो संस्करणको तयारी गरेको अध्यक्ष बि.क.ले जनाउनु भयो। गत संस्करणका विजेता इटहरीका आयुष गौतम हुनुहुन्थ्यो । प्रतियोगिता सम्पन्न गर्न करिब १२ लाख रुपैयाँ खर्च हुने अध्यक्ष बि.क.ले जनाउनु भयो । प्रतियोगिताले पोखरा क्षेत्रको स्नूकर खेलको स्तरवृद्धि, पर्यटन प्रवर्द्धन र खेलकुद संस्कृतिको विकासमा योगदान पुग्ने फाइनल स्कोर स्पोर्ट्स बार प्रा.लि.का अध्यक्ष सोम बि.क.ले विश्वास व्यक्त गर्नुभयो। साथै, पोखरालाई खेलकुद र पर्यटनको शहरको रुपमा स्थापित गर्न पनि यसले सहयोग गर्ने उहाँको भनाइ थियो। प्रालिका सञ्चालक प्रताप गुरुङले पनि यस प्रतियोगिताले पोखराको खेल पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

यस्तै, कास्की बिलियार्ड स्नूकर तथा पुल संघका अध्यक्ष सागर कुमार शाही, वरिष्ठ उपाध्यक्ष राजु गुरुङ, प्रथम उपाध्यक्ष रामजी सुनार र महासचिव सविन जिसीले प्रतियोगितालाई सफल बनाउन सक्रिय भूमिका खेल्ने उल्लेख गर्दै स्नुकर खेललाई व्यबस्थित पार्न अझै राज्यको नियमन हुन आगश्वक भएकोमा जोड दिनुभयो।


## पोखरा महानगरपालिका वडा नं. २ मा मोजो रेसिङ प्रा. लि. द्वारा "मोटरसाइकल एसेम्वली वर्कसप सञ्चालन गर्ने" प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २ मा मोजो रेसिङ प्रा. लि. द्वारा ***"मोटरसाइकल एसेम्वली वर्कसप सञ्चालन गर्ने"*** **प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८२-०५-१३)

गण्डकी प्रदेश कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २ स्थित कि. नं. ३४ मा रहेको घरमा प्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | पोखरा महानगरपालिका वडा नं. २ स्थित कि. नं. ३४ मा रहेको घरमा ***"मोटरसाइकल एसेम्वली वर्कसप सञ्चालन गर्ने"***<br>**ठेगाना:** पोखरा महानगरपालिका वडा नं. २,<br>फोन ९८५११२३१५८, इमेल: therksprick@gmail.com |
| प्रस्तावको व्यहोरा | पोखरा महानगरपालिका वडा नं. २, स्थित कि. नं. ३४ मा रहेको घरमा ***"मोटरसाइकल एसेम्वली वर्कसप सञ्चालन गर्ने"*** *। CKD मोडलमा मोटरसाइकल एसेम्वल गर्ने* |
| प्रभाव पर्नसक्ने जिल्ला/गा.पा. | कास्की जिल्ला पोखरा गा.पा. वडा नं. २ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न पोखरा महानगरपालिका वडा नं. २ गडवन तथा त्यस क्षेत्रका बिद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

***राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:***

| |
|---|
| **प्रस्तावकको नाम र ठेगाना:** |
| मोजो रेसिङ्ग प्रा.लि. (***मोटरसाइकल एसेम्वली वर्कसप सञ्चालन गर्ने)***<br>पोखरा महानगरपालिका वडा नं. २, फोन ९८५११२३१५८, इमेल: therksprick@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना:**<br>**हेड जियो ईन्जिनियरिङ कन्सल्ट्यान्सी**<br>काठमाडौं, नेपाल, फोन नं ९८४१८८५७२० ई-मेल suryamdhakal@gmail.com |

साथै राय सुझाव सङ्कलनको क्रममा आवश्यक सार्वजनिक सुनुवाई कार्यक्रम तपशिल मिति, समय र स्थानमा हुने हुँदा लिखित राय सुझाव सहित उपस्थित हुनको लागि सम्बन्धित सबैलाई अनुरोध छ ।

**तपशिल: (सार्वजनिक सुनुवाईको लागि)**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८२-५-२१ | बिहान ११ बजे | पोखरा -२, विन्दावासीनी |

HEAD Geo Engineering Solutions Pvt. Ltd.
mojo Racing



गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८२/०५/१३

यस कार्यालयबाट मिति २०५१/०६/१० मा कास्की जिल्ला पोखरा-१३, कास्कीमा संचालन गर्ने गरि सन्देश मेटल वर्क्स नाउँमा दर्ता भएको फर्म दर्ता नं. २१८९/०५१/०५२ को फर्म बन्द गरी पाउँ भनी मिना श्रेष्ठले मिति २०८२/०५/१३ मा आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवम् कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**